आज मिति २०७८।०५।१५ गते मंगलबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १३० औं (आर्थिक वर्ष २०७८/०७९ को दोश्रो) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री धुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गड्डुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८१५७१३९६० | |
| १८ | श्री अस्मिता सार्की | नगर कार्यपालिका सदस्य | ९७४१३६९३६२ | |
| १९ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४११९७७८ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

**प्रस्तावहरु :-**

१. कक्षा ११ र १२ सञ्चालन अनुमति दिने सम्बन्धमा ।
२. विद्यालयको भौतिक रुपमा कक्षा सञ्चालन गर्ने सम्बन्धमा ।
३. वडा नं. ३ को **DPR** भएका योजनाहरु कार्यान्वयनको लागि सिफरिस गर्ने सम्बन्धमा ।
४. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
५. मा.वि. आमसालमा सञ्चालित प्राविधिक शिक्षा सम्बन्धमा ।
६. आँखा उपचार केन्द्र सञ्चालन सम्बन्धमा ।
७. सरस्वती मा.वि.सावाको माग सम्बन्धमा ।
८. नेत्र बहादुर खड्काको माग सम्बन्धमा ।
९. साना सिंचाई तर्फको कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
१०. साना सिंचाई अन्तर्गत विभिन्न कुलोहरु निर्माणको लागि योजना छनौट गर्ने सम्बन्धमा ।
११. घ वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।
१२. व्यवसायिक फर्म, उद्योग, संघ-संस्थाहरु दर्ता/नविकरण सम्बन्धमा ।
१३. विपद् राहत सम्बन्धमा ।
१४. प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनका कार्यसूची **TOR** स्वीकृत गर्ने सम्बन्धमा ।
१५. भूमि इकाईको माग सम्बन्धमा ।
१६. बाँध निर्माणको लागि वडाहरुबाट माग भएको तारजाली र सोको व्यवस्थापन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा गा.पा.को विभिन्न वडामा सँचालित मा.वि.हरुले कक्षा ११ र १२ सँचालनको लागि अनुमति माग गरेको हुँदा नेपाल सरकार शिक्षा मन्त्रालय तथा उच्च माध्यमिक शिक्षा परिषदले निर्धारण गरेका मापदण्डहरु पुरागरी कक्षा सँचालनको लागि सम्पूर्ण व्ययभार व्यहोर्ने गरी चालु शैक्षिक सत्र २०७८ देखि कक्षा ११ र १२ सञ्चालन गर्नको लागि तपसिलका विद्यालयहरुलाई अनुमति दिने निर्णय गरियो । साथै कक्षा ११ र १२ मा अध्यापन गर्ने विषयहरु समेत विद्यालयले छनौट गरे बमोजिम स्वीकृती दिने निर्णय गरियो ।

तपसिल

१. श्री जनता मा.वि. लुङ्खिनटार वडा नं. ८ - कक्षा-११
२. श्री ~~सिद्ध~~देवी मा.वि. माडिवास वडा नं. २ - कक्षा-११
३. श्री कालिका मा.वि. सिर्वानी. वडा नं. ६ - कक्षा-१२

Scanned with CamScanner

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा.को शिक्षा शाखाको समन्वयमा यस न.पा. अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकका पेशागत संगठनका प्रतिनिधि तथा अन्य सरोकारवाला पक्ष समेतको बैठकबाट स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गर्दै विद्यार्थीहरूको भौतिक उपस्थितिमा कक्षा संचालन गर्ने ~~गरी~~ व्यवस्थाको लागी अनुमति माग भई आएको हुँदा यस न.पा.ले कोभिड-१९ को ~~मापदण्ड~~ रोकथाम, नियन्त्रण र उपचारको लागी अपनाएको कदमले यस न.पा. क्षेत्रमा कोभिड संक्रमणको सामान्य अवस्था रहेकोले यस न.पा. क्षेत्रमा विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालयहरू संचालन गर्ने व्यवस्थाको लागि DCCMC उदयपुर लाई अनुरोध गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ३ को लागी विकासको मेरुदण्डको रूपमा रहेका तपसिल अनुसारका महत्वपूर्ण योजनाहरूको डि.पि.आर. तयार गरिएको हुँदा उक्त योजनाहरू कार्यान्वयनको लागी प्रदेश सरकार तथा संघ सरकार अन्तरगतका निकायहरूमा अनुरोध गर्ने निर्णय गरियो।

तपसिल योजनाहरू

१. शनिबारे र बिरेन्द्र चोक बिच कालीखोलामा पक्की पुल निर्माण।
२. शनिबारे छेउ सोति सुन्दरी खोलामा कल्भर्ट निर्माण।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस न.पा.को गत आ.व. २०७७/०७८ को लागी ३०५ घर स्वीकृत भएको र उक्त ३०५ मध्ये २९६ वटा घर संग सम्झौता भई प्रति घर रु. १०,०००/- का दरले पेश्की दिइएको र २ वटा घरको फाइनल भुक्तानी समेत भएको र उक्त ३०५ वटा घरको लागि आवश्यक जम्मा रकम रु. ३,५२,५०,०००/- खर्च लाग्नेमा गत आ.व.मा रु. २९,२६,०००/- भएको र चालु आ.व.मा उक्त शीर्षकमा रु. ५८,००,०००/- मात्र प्राप्त भएको हुँदा गत आ.व.मा पेश्की लिएका र छनौट भित्र परेका घरधुरीले घर निर्माण कार्य सम्पन्न गरी प्राविधिक प्रतिवेदन, वडाको सिफारिस लगाएतका कागजात सहित भुक्तानी माग गरेमा उक्त ५८,००,०००/- रकम बाट भुक्तानी दिने र बाँकी रकम रु. ६४,५४,०००/- सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

निं.नं.५ प्रस्तावना नं.५ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ३ आमसालमा संचालित मा.वि.आमसालले संचालन गरिरहेको CTEVT बाट सम्बन्धन प्राप्त ३ वर्षे डिप्लोमा तह सिभिल र कम्प्युटर, १८ महिने प्रि डिप्लोमा कम्प्युटरमा अध्ययन गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई न.पा. बाट छात्रवृत्ति समेत उपलब्ध गराउने गरी उक्त प्राविधिक कक्षाको बारेमा व्यापक रूपमा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

निं.नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा तिलगंगा आँखा अस्पताल काठमाडौंको सहयोगमा यस न.पा.को नगर अस्पताल बेल्टारमा आँखा उपचार सेवा केन्द्र संचालन गर्ने निर्णय गरियो ।

निं.नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ८ मा संचालित सरस्वती मा.वि. सौंवाको माग निवेदन बमोजिम उक्त विद्यालयमा जडान भएको खानेपानी सिस्टम बिग्रिएको हुँदा यस न.पा.को भैपरी खर्च शीर्षक बाट खानेपानी मोटर उपलब्ध गराउने निर्णय गरियो ।

निं.नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा यस न.पा.को वडा नं.२ बस्ने नेत्र बहादुर खड्काको चौ.न.पा.७ आदेशा चोकमा रहेको बेल्टार मडिबास सडकबाट उत्तर तर्फ कित्ता नं. २२४६ मा आफ्नै लगानीमा छत र वाल निर्माण गरेकोमा स्थानीयहरूले डोजर लगाई भत्काएको भनी दिएको निवेदन सम्बन्धमा प्राविधिकबाट स्थलगत मूल्याङ्कन गर्दा रु. ३१,८३६।- बराबरको क्षति भएको प्रतिवेदन प्राप्त भएको हुँदा उक्त प्रतिवेदन अनुसारको रकम रु. ३१,८३६।- यस न.पा.को भैपरी खर्च शीर्षकबाट (राहत) क्षतिपूर्ति वापत उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा साना सिंचाई कार्यक्रम अन्तर्गत एस.आई.पी. क्षेत्रमा संचालन हुने योजना हरुको कार्यान्वयनको लागी तपसिल अनुसारको कार्यक्रम कार्यान्वयन कमिटि (PIC) गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख - संयोजक
२. श्री ध्रुवराज आचार्य - प्र.प्र.अधिकृत - सदस्य
३. श्री ईन्द्र नारायण साह - कृषि वि.अ. - सदस्य
४. श्री सन्तोष राई - ईन्जिनियर - सदस्य
५. श्री जयनेन्द्र झा - सब-ईन्जिनियर - फोकलपर्सन
६. श्री देवराज मिश्र - PMISC (SIP) - सदस्य
७. श्री जनकलाल लवेकी - योजना - सदस्य सचिव

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा एस.आई.पी.मा - संचालित साना सिंचाई कार्यक्रमको लागी तपसिलका सिंचाई योजनाहरु छनौटगरी पठाउने निर्णय गरियो ।

तपसिल

१. खेती सुन्दरी कुलो टारबारी खोला सि.यो. वडा नं. ४
२. करम्जे कुलो झोपेली खोल सि.यो. वडा नं. ४
३. सुन्दरी खोला सिंचाई योजना वडा नं. ५
४. सिरानी कुलो सिंचाई योजना वडा नं. ३
५. प्रधानकुलो बेल्लपानी सिंचाई योजना वडा नं. ३
६. सुखा सुन्दरी कुलो सिंचाई योजना - वडा नं. ६
७. कालिटार माथिल्लो सि. यो. - वडा नं. ८
८. कालिटार तल्लो सि. यो. - वडा नं. ८
९. सकुलडुङ्मा पिडीवारु सि. यो. - वडा नं. ८
१०. कदरेपा सिंचाई योजना अप्राहा - वडा नं. ८
११. अप्राहा पैण्डिति सिंचाई योजना - वडा नं. ८
१२. कुडुङकुरे सिंचाई योजना - वडा नं. ८
१३. वाङतुङ सिंचाई योजना - वडा नं. ८
१४. च्यालिसे सिंचाई योजना गैगहे - वडा नं. २
१५. भुवन कार्की सिंचाई योजना तल्लो साजबोटे - वडा नं. ९
१६. मर्ले खोला पंधेरे खोलसी मुहानबाट सिद्देश्वरी स्कुल जाने बाटो सम्म सिंचाई योजना - वडा नं. ९

Scanned with CamScanner

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गा.पा.को विभिन्न वडाहरुका कार्यालय रहनेगरी नियमानुसार दर्ता भइ आएका तपसिल अनुसारका फर्महरुलाई यस गा.पा.को 'घ' वर्गको निर्माण इजाजत ~~सम्ब~~ सम्बन्धि कार्यविधि,२०७५ बमोजिम 'घ' बर्गको निर्माण इजात दिने दिने निर्णय गरियो।

तपसिल

१. ए. आर. क्रिएसन कन्स्ट्रक्सन -चौं.गा.पा.३ - प्रो. सृजना खड्का
२. खड्का निर्माण सेवा -चौं.गा.पा.६ - प्रो. सुजन खड्का

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गा.पा. क्षेत्रमा सञ्चालनमा रहेका सम्पूर्ण व्यापार व्यवसाय, संघ संस्था, उद्योग धन्दा तथा फर्म कम्पनीहरुलाई गापा तथा सम्बन्धित वडा कार्यालयमा गई दर्ता गर्न र दर्ता भई सञ्चालनमा रहेका नविकरण हुन बाँकी सबै व्यवसायीहरुलाई मिति २०७८ साल असोज मसान्त भित्र सम्बन्धित वा गापा कार्यालयमा गई नविकरण गर्न गराउन हुन अनुरोध गर्ने साथै सो सम्बन्धमा सूचना प्रकाशन गर्ने निर्णय गरियो।

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गा.पा. को विभिन्न वडाहरुमा भएका विभिन्न प्रकारका विपद जन्य घट्नाबाट प्रभावित घरपरिवारहरुलाई तपसिल बमोजिम यस गा.पा.को विपद व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. लोक बहादुर बिष्ट -चौं.गा.पा.५ (जंगली हात्तिको आक्रमण) रु.६०००।-
२. नारायण बहादुर खत्री. वडा नं.५ (जंगली हात्तिको आक्रमण) रु.१३,०००।-
३. बसन्ती देवी चौधरी- वडा नं.५ ( ,, ,, ) रु.८०००।-
४. नरबहादुर भुजेल - वडा नं.५ ( ,, ,, ) रु.१०,०००।-
५. खडिन्द्र बहादुर खड्का - वडा नं. ६ (गोठमा आगलागी) रु.१२,०००।-
६. सर्वेश्वर शिवालय मन्दिर -वडा नं. १ (जंगली हात्तिबाट क्षति) रु. १५०००।-
७. नईन्द्र राई - वडा नं. ८ (चट्याङले ७ वटा बाख्रा मरेको) रु.२१,०००।-
८. गिता पोखरेल वडा नं.६, हावाहुरीले छाना उडाएको रु. १२,०००।-
९. ज्ञान बहादुर कटुवाल वडा नं.६, हावाहुरीले कुखुरा फर्म भत्काएको रु.१०,०००।-

नि.नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नपा क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन कार्य गर्नका लागि परामर्श दाता श्री प्रोडेक्स इन्क प्रा.लि. नयाँबस्ती काठमाण्डौले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनका कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :-

१. अप्राहा खोला र छारखोला किनारबाट ढुंगा र गिट्टी उत्खनन तथा संकलन ।
२. त्रियुगा नदी, देवघार खोला र खैराहा खोला किनारबाट बालुवा र गिट्टी उत्खनन् तथा संकलन ।
३. हाँगा खोला, लामा खोला र काली खोला किनारबाट ढुंगा र गिट्टी उत्खनन् तथा संकलन ।
४. त्रियुगा नदी किनारबाट बालुवा उत्खनन् तथा संकलन ।
५. सिवाई खोला, वडेरुवा खोला, भलौली खोला, घोँघुना खोला, करम्जे खोला, पुरवापुछरी खोला र लाटीखोला -बाट ढुंगा गिट्टि र बालुवा उत्खनन् तथा संकलन ।

नि.नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस न.पा.ले भूमि इकाई मार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको लगत संकलन कार्य सम्पन्न गर्ने चरणमा पुगेको अवस्थामा नेपाल सरकारबाट राष्ट्रिय भूमि आयोग विगठन गरेको हुँदा उक्त भूमि इकाई मार्फत संकलन भइरहेको लगतलाई यथावत रुपमा संकलन गरी सम्पन्न गर्ने र १० वटै वडाबाट संकलित विवरणलाई स्क्यान गरी कम्प्युटरमा राख्न भूमि इकाईमा कार्यरत सबै कर्मचारीहरुलाई खटाई कामकाज लगाउने र नेपाल सरकारबाट प्राप्त हुने निर्देशन बमोजिम जग्गा नापी गर्ने कार्यलाई र विवरण प्रविष्ट गर्ने कार्यलाई अगाडी बढाउने साथै भूमि इकाईमा कार्यरत सबै कर्मचारीहरुलाई विवरण स्क्यान गर्न आवश्यक उपकरणहरु उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं. १६ :- प्रस्ताव नं. १६ माथि छलफल गर्दा वर्षाको समयमा आएको बाढीको कारण यस न.पा.का विभिन्न वडाका कतिपय मानव बस्ति तथा खेतियोग्य जमिनहरुमा बाढी पस्नुको साथै कटान गरेको र त्यस्ता स्थानहरुमा नदिनियन्त्रण गरी प्रकोप न्यूनिकरणको लागि तारजाली लगाई बाँध निर्माण गर्न आवश्यक तारजाली मागको लागि यस न.पा.का १० वटै वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा उक्त सिफारिस बमोजिम करिब ९०० थान तारजाली आवश्यक देखिएको र उक्त क्षतिग्रस्त स्थानहरुमा तत्काल बाँध निर्माण कार्य गर्नु पर्ने भएकोले न.पा.बाट प्राविधिक कर्मचारीहरु खटाई लागत स्टिमेट तयार गरी न.पा. स्तरीय विपद् तारजाली खरिद तथा वितरण उपभोक्ता समिति गठन गरी उक्त समिति मार्फत न.पा.का १० वटै वडाका जोखिमयुक्त स्थानहरुमा बाँध निर्माणको कार्य सञ्चालन गर्ने र तारजाली भर्न लाग्ने ढुंगा स्थानीय उपभोक्ताहरु आफैले व्यवस्था गर्ने गरी बाँध निर्माणको लागि आवश्यक तयारी तारजाली यस न.पा.बाट नगर स्तरीय विपद् तारजाली खरिद तथा वितरण उपभोक्ता समिति मार्फत उपलब्ध गराउने र निर्णय गरियो ।

Scanned with CamScanner